# भाग ५

## नेपाल सरकार

## भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको

## सूचना

## रुपन्देही जिल्ला, बुटवल उपमहानगरपालिका र सैनामैना नगरपालिका अन्तर्गत बहाल विटौरी, कोदाले र आँकडा लगत बमोजिम बसोबास गरेका व्यक्ति वा परिवारको नाममा जग्गा दर्ता सम्बन्धी समिति गठन आदेश, २०७६

नेपाल सरकारले मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१क) ले दिएको अधिकार प्रयोग गरी रुपन्देही जिल्ला, बुटवल उपमहानगरपालिका र सैनामैना नगरपालिका अन्तर्गत बहाल विटौरी, कोदाले र आँकडा लगत बमोजिम बसोबास गरेका व्यक्ति वा परिवारको नाममा जग्गा दर्ता सम्बन्धी समस्या समाधान गर्न देहाय बमोजिमको समिति गठन गरी त्यस्तो समितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि देहाय बमोजिम हुने गरी तोकेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "रुपन्देही जिल्ला, बुटवल उपमहानगरपालिका र सैनामैना नगरपालिका अन्तर्गत बहाल विटौरी, कोदाले र आँकडा लगत बमोजिम बसोबास गरेका व्यक्ति वा परिवारको नाममा जग्गा दर्ता सम्बन्धी समिति गठन आदेश, २०७६" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, -

(क) "मन्त्रालय" भन्नाले नेपाल सरकारको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठित रुपन्देही जिल्ला, बुटवल उपमहानगरपालिका र सैनामैना नगरपालिका अन्तर्गत बहाल विटौरी, कोदाले र आँकडा लगत बमोजिम भोग र बसोबास गरेका व्यक्ति वा परिवारको नाममा जग्गा दर्ता सम्बन्धी समिति सम्झनु पर्छ ।

३. **समितिको गठन** : (१) रुपन्देही जिल्ला, बुटवल उपमहानगरपालिका र सैनामैना नगरपालिका अन्तर्गत बहाल विटौरी, कोदाले र आँकडा लगत बमोजिम बसोबास गरेका व्यक्ति वा परिवारको नाममा जग्गा दर्ता सम्बन्धी समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) प्रमुख जिल्ला अधिकारी, रुपन्देही - अध्यक्ष

(ख) बुटवल उपमहानगरपालिका तथा सैनामैना नगरपालिकाले तोकेको एक एकजना प्रतिनिधि - सदस्य

(ग) प्रमुख, डिभिजन वन कार्यालय, रुपन्देही - सदस्य

(घ) प्रमुख, नापी कार्यालय, बुटवल - सदस्य

(ङ) प्रमुख, मालपोत कार्यालय, बुटवल -सदस्य-सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नको लागि अध्यक्ष र सदस्य-सचिव सहित कम्तीमा तीन जना सदस्यहरुको उपस्थिति अनिवार्य हुनेछ ।

(४) समितिको बैठकमा समितिले आवश्यकता अनुसार विज्ञ वा सरोकारवालालाई आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) हाट बजार लाग्ने क्षेत्र, वन क्षेत्र, बाटो, बालुबुर्जा तथा अन्य सार्वजनिक प्रकृतिका साविक नापीमा नाप जाँच भएका जग्गा नेपाल सरकारको नाममा दर्ता गर्ने,

(ख) सार्वजनिक जग्गा बाहेकका बहाल विर्टौरी, कोदाले र आँकडा लगत भित्र कायम रही जग्गा दर्ता हुन बाँकी रहेका जग्गाको जग्गा (नाप जाँच) ऐन, २०१९ बमोजिम तत्कालीन नापी गोश्वाराबाट तयार भएको साविक नापी बमोजिमको नक्सा, फिल्डबुक, जग्गाधनी दर्ता श्रेस्ता, लुजसिट र सो बमोजिम पुनः नापीबाट तयार भएको नक्सा, फिल्डबुक, लुजसिट, जग्गाधनी दर्ता श्रेस्ता र अन्य सम्बन्धित कागजातहरु सम्बन्धित मालपोत कार्यालय र नापी कार्यालयबाट प्राप्त गर्ने,

(ग) दफा ८ बमोजिमको क्षेत्रमा बहाल विर्टौरी, कोदाले र आँकडा लगत बमोजिम बसोबास गरेका जग्गा दर्ता सम्बन्धी समस्या समाधानका लागि विगतमा गठित आयोग वा समितिमा जग्गा दर्ताको लागि परेको निवेदन, नापी नक्सा, फिल्डबुक लगायतका



मुद्रण विभाग

कागजातहरु सम्बन्धित निकायबाट प्राप्त गर्ने,

(घ) जग्गा (नाप जाँच) ऐन, २०१९ बमोजिम रुपन्देही जिल्ला, बुटवल उपमहानगरपालिका र सैनामैना नगरपालिकामा पुनः नापी भएको भए सो बमोजिमको जग्गा दर्ताका लागि दफा ५ बमोजिम निवेदन माग गर्ने,

(ङ) समितिमा पर्न आएका निवेदन उपर दफा ६ बमोजिमको कार्यविधि पूरा गरी छानबिन गर्ने,

(च) खण्ड (ङ) बमोजिम छानबिन भएपछि नापी कार्यालय, बुटवलबाट तयार भएको नक्सा बमोजिमको जग्गा बहाल विटौरी, कोदाले र आँकडा जग्गा हो भन्ने यकीन भए सम्बन्धित व्यक्तिहरुको नाममा जग्गा दर्ता गर्ने,

(छ) जग्गा दर्ताको निर्णय गर्दा जग्गाधनी विवाहित भएमा पति पत्नी दुवैको संयुक्त नाममा दर्ता गर्ने,

(ज) खण्ड (च) बमोजिम जग्गा दर्ता गर्ने गरी भएको निर्णयको व्यहोरा साविक तथा पुनः नापीको फिल्डबुक, लुजसिट र लगतमा जनाउने,

(झ) खण्ड (च) बमोजिम जग्गा दर्ता गर्ने गरी भएको निर्णयको आधारमा जग्गाधनी दर्ता श्रेस्ता र जग्गाधनी दर्ता प्रमाण पूर्जा तयार



मुद्रण विभाग, सिंहदरबार

गर्न तथा सम्बन्धित जग्गाधनीलाई जग्गाधनी दर्ता प्रमाण पूर्जा वितरण गर्न मालपोत कार्यालय, बुटवलमा लेखी पठाउने ।

५. **निवेदन सम्बन्धी व्यवस्था** : जग्गा (नाप जाँच) ऐन, २०१९ बमोजिम पुनः नाप नक्सा भएका रुपन्देही जिल्ला बुटवल उपमहानगरपालिका र सैनामैना नगरपालिका अन्तर्गतका बहाल विटौरी, कोदाले र आँकडा जग्गा भएका सम्बन्धित जग्गावालाहरुले समितिबाट सूचना प्रकाशित भएपछि आफ्नो हकभोग भएको प्रमाण सहित देहायको कागजात संलग्न गरी जग्गा दर्ता गर्न समिति समक्ष निवेदन दिनु पर्नेछ :-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) जग्गाको साविक लगत वा तिरोभरो गरेको प्रमाणको प्रतिलिपि,

(ग) नक्सा पास गरेको वा घर बनाउन सम्बन्धित निकायबाट स्वीकृति लिएको भए सो प्रमाणको प्रतिलिपि,

(घ) सम्बन्धित उपमहानगरपालिका वा नगरपालिकाले भोग यकिन गरी दर्ताको लागि गरिदिएको सिफारिश,

(ङ) साविक नापी हुँदा कायम भएको नक्सा र फिल्डबुक उतार,

(च) निवेदकले हक हस्तान्तरण गरी लिएको भए सो लिखतको प्रतिलिपि,

(छ) घर वा जग्गाको भोग सम्बन्धी अन्य कुनै प्रमाण भए सो को प्रतिलिपि ।

६. **कार्यविधि** : दफा ५ बमोजिम जग्गा दर्ताको लागि पर्न आएका निवेदन उपर समितिले देहाय बमोजिमको कार्यविधि अपनाई प्रमाण सङ्कलन तथा छानबिन गर्नेछः-

(क) निवेदनमा उल्लेख भएको घर वा जग्गा सम्बन्धी विवरण सम्बन्धित कार्यालयमा भएको अभिलेखसँग भिडाउने र त्यस्तो अभिलेख अन्य कार्यालयमा रहेको भए सक्कलै कागजात वा प्रमाणित प्रतिलिपि सम्बन्धित कार्यालयबाट माग गरी मिसिल सामेल राख्ने,

(ख) दर्ता माग भएको जग्गाको बहाल विटौरी, कोदाले र आँकडा लगतको प्रमाणित प्रतिलिपि सम्बन्धित निकायबाट माग गर्ने,

(ग) खण्ड (ख) बमोजिम प्राप्त लगत भिडी अन्य जग्गा दर्ता भै सके नसकेको, लगत खारेज वा दरपिठ भए, नभएको यकिन गर्ने,

(घ) घर वा जग्गाको भोग चलन यकिन गर्न समितिबाट कर्मचारी खटाई साँध-सधियार तथा सम्बन्धित नगरपालिकाको प्रतिनिधिको रोहबरमा स्थलगत सर्जमिन र स्थलगत निरीक्षण गराई मुचुल्का र प्रतिवेदन मिसिल संलग्न गर्ने,

(ङ) कारबाहीको क्रममा कुनै व्यक्तिलाई बुझ्न आवश्यक देखिएमा आवश्यकता अनुसार

सात दिनको म्याद दिई कार्यालयमा झिकाउने र बयान लिने,

(च) हकदाबीको सम्बन्धमा एक्काईस दिनको म्याद दिई सार्वजनिक सूचना जारी गर्ने,

(छ) आवश्यकता अनुसार अन्य प्रमाण बुझ्ने ।

७. **समितिको कार्यालय** : समितिको कार्यालय मालपोत कार्यालय, बुटवलमा रहनेछ ।

८. **समितिको कार्यक्षेत्र** : समितिको कार्यक्षेत्र रुपन्देही जिल्लाको बुटवल उपमहानगरपालिका र सैनामैना नगरपालिका क्षेत्र मात्र हुनेछ ।

९. **समितिको कार्यावधि** : समितिको कार्यावधि समितिले कार्य प्रारम्भ गरेको मितिले छ महिना हुनेछ।

१०. **कर्मचारी सम्बन्धी व्यवस्था** : समितिलाई आवश्यक पर्ने अनुसूची-१ बमोजिमका कर्मचारीहरु मालपोत कार्यालय, बुटवल र नापी कार्यालय, बुटवलबाट समितिको कार्य अवधिभरका लागि काजमा उपलब्ध गराइनेछ ।

११. **बजेट सम्बन्धी व्यवस्था** : समितिको लागि आवश्यक पर्ने अनुसूची-२ बमोजिमको रकम बुटवल उपमहानगरपालिकाबाट उपलब्ध गराईनेछ ।

१२. **बैठक भत्ता** : समितिका अध्यक्ष, सदस्य तथा आमन्त्रित व्यक्तिहरुले बैठक भत्ता पाउनेछन्।

१३. **निर्णय कार्यान्वयन, प्रमाणित तथा बरबुझारथ** : (१) समितिबाट तयार भएको निर्णय, माइन्यूट, नक्सा, फिल्डबुक र निर्णय मिसिल लगायत अन्य कागजात जिम्मा लिने, सम्बन्धित निकायमा बुझाउने र प्रमाणित गर्ने कार्य समितिको सदस्य-सचिवले गर्नेछ ।



मुद्रण विभाग, सिंहदरबार

(२) समितिबाट जग्गा दर्ता गर्ने गरी भएको निर्णय अनुसार जग्गाधनी दर्ता श्रेस्ता तथा जग्गाधनी दर्ता प्रमाणपूर्जा तयार गर्ने तथा सम्बन्धित जग्गाधनीलाई जग्गाधनी दर्ता प्रमाणपूर्जा वितरण गर्ने कार्य मालपोत कार्यालय बुटवलले गर्नेछ ।

(३) समितिबाट तयार भएको माइन्यूट, नक्सा, श्रेस्ता तथा अन्य कागजातहरु समितिको कार्य सम्पन्न भएपछि मालपोत कार्यालय, बुटवल र नापी कार्यालय, बुटवलमा र जिन्सी सामानहरु मालपोत कार्यालय, बुटवलमा बुझाउनु पर्नेछ । यसरी बरबुझारथ गर्ने गराउने कर्तव्य सदस्य-सचिवको हुनेछ ।

मुद्रण विभाग, सिंहदरबार

अनुसूची-१

**(दफा १० सँग सम्बन्धित)**

**कर्मचारीको दरबन्दी सम्बन्धी व्यवस्था**

| सि.नं. | कर्मचारीको विवरण | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १. | मालपोत अधिकृत (रा.प.तृतीय प्र.) | १ | मालपोत कार्यालय बुटवलबाट |
| २. | ना.सु. (रा.प.अनं.प्रथम) | २ | मालपोत कार्यालय बुटवलबाट |
| ३. | सर्भेक्षक(रा.प.अनं.प्रथम) | १ | नापी कार्यालय बुटवलबाट |
| ४. | अमीन (रा.प.अनं.द्वितीय) | १ | नापी कार्यालय बुटवलबाट |
| ५. | कार्यालय सहयोगी (श्रेणी विहीन, जंजिदार समेत) | २ | मालपोत कार्यालय बुटवलबाट १ र नापी कार्यालय बुटवलबाट १ |
| | **जम्मा** | ७ | |



सुशासन कानून किताब खाना

अनुसूची-२

**(दफा ११ सँग सम्बन्धित)**

**समितिको लागि आवश्यक बजेट**

| **सि.नं.** | **बजेट शिर्षक** | **रकम** | **कैफियत** |
|---|---|---|---|
| १. | बैठक भत्ता | रु.१,५०,०००/- | समितिको बैठक भत्ता |
| २. | कार्यालय सञ्चालन खर्च | रु.१,५०,०००/- | समितिको कार्यालय सञ्चालन खर्च |
| ३. | विविध खर्च | रु.२,००,०००/- | बैठकको लागि चियापान, इन्धन भ्रमण तथा विविध खर्च |
| | **जम्मा** | **रु.५,००,०००/-** | |

**आज्ञाले,**
**गोपीनाथ मैनाली**
**नेपाल सरकारको सचिव**